# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्या : ४, असार ३१ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

# व्यास नगर प्लाष्टिकजन्य वस्तुको प्रतिबन्ध गर्ने सम्बन्धी ऐन, २०८१

सभाबाट पारित मिति : २०८१।३।२५

**प्रस्तावना** : व्यास नगरपालिका क्षेत्रभित्र दिन प्रतिदिन प्लाष्टिकजन्य फोहोर बढ्दै गइरहेको वर्तमान अवस्थामा यसले नगरवासीहरुको जनस्वास्थ्य र नगरको समग्र वातावरण र सुन्दरतामा प्रतिकुल प्रभाव पर्न गएको हुँदा यसलाई न्यून गरी नगरलाई स्वच्छ, सफा, स्वस्थ, सुन्दर र हरियाली बनाउन प्लाटिकजन्य फोहोर मैलाको श्रोतमा नै न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण वा अन्तिम बिसर्जन गर्ने क्रममा नगर क्षेत्रभित्रको प्लाष्टिकजन्य वस्तुको उत्पादन, बिक्री वितरण, भण्डारण र प्रयोगमा निषेध गरी प्लाष्टिकजन्य झोलाहरु लगायत एक पटक प्रयोग हुने प्लाष्टिकका वस्तुहरुको नियमन र व्यवस्थापन गर्न वान्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकारको प्रयोग गरी व्यास नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "व्यास नगरपालिका प्लाष्टिकजन्य वस्तुको प्रतिबन्ध सम्बन्धी ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "व्यास नगरपालिका प्लाष्टिकजन्य वस्तुको प्रतिबन्ध सम्बन्धी ऐन २०८१" सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले "व्यास नगरपालिका सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ र सो शब्दले प्रमुखको काम गर्न तोकिएको व्यक्ति समेत सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ङ) "नगर प्रहरी" भन्नाले व्यास नगरपालिकाको नगर प्रहरीमा नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(च) "हानिकारक फोहोर मैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्कासित वस्तु, पदार्थ र रेडियो बिकिरण सम्झनु पर्छ ।

(छ) "बिसर्जन" भन्नाले फोहोर मैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(ज) "अनुगमन समिति" भन्नाले ऐनको दफा ६ बमोजिम बनेको समिति सम्झनु पर्छ ।

(झ) "प्लाष्टिकजन्य वस्तु" भन्नाले प्लाष्टिकबाट निर्मित झोला, कप, गिलास, प्लेट, चम्चा, काटा, प्लाष्टिकमा बेरिएका गुट्का, सूर्ती र पान मसला, प्लाष्टिकबाट निर्मित फुलहरु सम्झनु पर्छ ।

(ञ) "वैकल्पिक झोला" भन्नाले Strach Based Bio-degradable Plastic, कटन, कागज, कपडा अथवा जुटबाट बनेका दैनिक उपभोग्य वस्तु तथा सामानहरु ओसार पसार गर्नका लागि बनाइएका Boi-degradable झोलाहरु सम्झनु पर्छ ।

(ट) "अधिकार प्राप्त निकाय वा व्यक्ति" भन्नाले यस ऐनले तोकेको केही वा सबै कार्यको कार्यान्वयनका निम्ति नगरपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई जनाउनुका साथै यस शब्दले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउँनेछ ।

(ठ) "निजी क्षेत्र" भन्नाले नाफा नकमाउने वा कमाउने गरी स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा सामाजिक संघ संस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था समेत सम्झनु पर्छ ।

(ड) "सार्वजनिक निजी क्षेत्र साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (नगरपालिका) र निजी क्षेत्रका बिचमा कुनै काम गर्ने सम्बन्धमा कानुन बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारी सम्झनु पर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन वा नगरपालिकाले समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "न्यूनीकरण" भन्नाले कुनैपनि प्रविधि वा उपायको प्रयोग गरी सानो आकार तथा पुनः प्रयोग गरी परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

## परिच्छेद २

## प्लाष्टिकका वस्तुहरुको प्रयोग र त्यसको नियमन सम्बन्धी व्यवस्था

३. **प्लाष्टिकजन्य वस्तु प्रयोग गर्न प्रतिबन्ध** : (१) सार्वजनिक स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी प्लाष्टिकजन्य वस्तुको उत्पादन, आयात, निर्यात, बिक्री वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइनेछ ।

(२) खाद्य पदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका वस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भइआएका प्लाष्टिक आदि जथाभावी फ्याक्न, थुपार्न, जलाउन वस्ती तथा सार्वजनिक स्थलमा  फ्याक्न पाइने छैन ।

(३) प्लाष्टिक झोलाहरु जो पुनः चक्रण (Recycle) गर्न सकिने प्रकृतिका हुने छन्, तिनीहरुको प्रयोगमा नगरपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्नेछ ।

(४) कुनै चिज वस्तु प्याकिङ्ग भइआएका प्लाष्टिकजन्य पदार्थहरु प्रयोगकर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई बिक्री वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

(५) पुनः चक्रण गर्न सकिने प्लाष्टिकहरु उपभोगकर्ताले आफै बिक्री वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकहरु अन्य फोहोर मैलामा नमिसाई नगरपालिकाले तोकिदिएको स्थानसम्म पुऱ्याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता कै हुनेछ ।

(६) प्लाष्टिकजन्य वस्तुहरु नगरपालिकाले तोकिदिएको स्थानबाट मात्र पुनः चक्रणको लागि सङ्कलन गर्ने र यसरी सङ्कलन गर्दा नगरपालिकाद्वारा तोकिएको शुल्क तिर्नु पर्नेछ ।

(७) कुनैपनि प्रकारका प्लाष्टिकजन्य वस्तुहरु अन्य फोहोर मैलासँग मिसाई राख्न पाइने छैन । यसलाई छुट्टै पोका, भाँडा वा बोरामा राखी नगरपालिकाबाट खटिने फोहोर मैला सङ्कलकलाई अन्य फोहोर मैलाभन्दा अलग गरी उपलब्ध गराउनु पर्नेछ वा नगरपालिकाको शुक्ष्म वर्गीकरण केन्द्रमा दिन सकिनेछ ।

(८) उपभोक्ताले प्रयोग गरिसकेका प्लाष्टिकका वस्तुहरु, खोलहरु, निजी क्षेत्र, संघ संस्था मार्फत खरिद गर्न लगाई पुनः चक्रणका लागि सम्बन्धित निकायमा बिक्री गर्न नगरपालिकाले सघाउने छ ।

(९) यस ऐनले निषेध गरेका प्लाष्टिकजन्य वस्तुहरुको उपयोग पछि भएको प्लाष्टिकजन्य फोहोरको व्यवस्थापनमा त्यस्तो प्लाष्टिकका वस्तुहरु उत्पादन गर्ने उत्पादनकर्ताबाट तोकिए बमोजिम रकम लगाइनेछ ।

(१०) साझेदारीमा अन्य नगरपालिकासँग सहकार्यमा प्लाष्टिक मुक्त अभियान गर्न चाहेमा सम्बन्धित नगरपालिकाका प्रमुखहरुले कार्ययोजना बनाई सञ्चालन गर्ने व्यवस्था मिलाए बमोजिम हुनेछ ।

४. **प्लाष्टिकजन्य वस्तु बिक्री वितरण सम्बन्धमा** : यो ऐन लागू भएपछि नगरपालिकाले प्रतिबन्ध गरेको कुनैपनि फर्म, कम्पनी वा व्यक्तिले निषेधित प्लाष्टिकजन्य वस्तुहरु नगरपालिकाको क्षेत्रमा उत्पादन, बिक्री वितरण, आयत, भण्डारण र प्रयोग गर्न समेत पाइने छैन ।

**५.** **नियमन तथा व्यवस्थापन** : (१) नगरपालिकामा निषेधित प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायका कार्यहरु गर्ने वा गराइने छ ।

(क) निषेधित प्लाष्टिकजन्य वस्तुहरुभन्दा उत्तम अन्य वातावरणमैत्री थप विकल्प खोज्ने र निषेधित प्लाष्टिकजन्य वस्तुहरु विस्थापित गर्न स्थानीयस्तरमा सामाजिक परिचालनको माध्यमबाट सहजीकरण गर्ने ।

(ख) फोहोर मैला व्यवस्थापन तथा निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्बन्धी हरेक टोलहरुमा विभिन्न बैठक भेला एवं अन्तरक्रिया, अभिमुखीकरण कार्यक्रम आयोजना गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(ग) 3R (Reduce, Reuse & Recycle) कार्यान्वयन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रम गर्ने साथै सुविधा, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्था गर्ने ।

(घ) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने ।

(ङ) निषेधित प्लाष्टिकजन्य वस्तुहरु सम्बन्धी कार्ययोजनालाई सरोकारवाला संस्थाको सहकार्यमा प्रभावकारी तवरले कार्यान्वयन गर्ने ।

(च) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण अभियानलाई निरन्तरता दिनका लागि वार्षिक योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्ने ।

(छ) कार्यक्रमको सम्बन्धमा आवश्यक प्रचार प्रसार गर्ने गराउने ।

(ज) प्लाष्टिक झोला, कप, प्लेट लगायत विस्थापन गर्न गलेर जानेखालका कपडा, कागज, जुट लगायतका वस्तुहरुको प्रयोग गरी झोला तथा पातका दुना टपरी उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई नगरपालिकाले आवश्यक प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

**६.** **नगर अनुगमन समिति** : (१) निषेधित प्लाष्टिकजन्य वस्तुहरुको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि नगरपालिकामा देहाय बमोजिमको ११ सदस्यीय नगर अनुगमन समिति रहने छ :

(क) संयोजक - उपप्रमुख

(ख) सदस्य - शहरी वडाका अध्यक्षहरु मध्ये -१ जना

(ग) सदस्य - वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक -१ जना

(घ) सदस्य - सम्बन्धित वडा समितिको वडा प्रतिनिधि - १ जना

(ङ) सदस्य - जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि - १ जना

(च) सदस्य - उद्योग वाणिज्य संघ र विभिन्न व्यवसायिक संघ संस्थाले तोकेको प्रतिनिधि - १ जना

(छ) सदस्य - वातावरण संरक्षण क्षेत्रमा काम गरिरहेका संघ संस्था र उपभोक्ता हित संरक्षण मञ्च मध्येबाट प्रमुखले तोकेको प्रतिनिधि - २ जना

(ज) सदस्य - पत्रकार महासंघको प्रतिनिधि - १ जना

(झ) सदस्य - नगर प्रहरी इञ्चार्ज - १ जना

(ञ) सदस्य सचिव - वन, वातावरण तथा सरसफाई शाखा प्रमुख - १ जना

(२) नगरपालिकाले ऐनलाई प्रभावकारी बनाउन आवश्यक उपसमिति तथा हरेक वडामा वडा अनुगमन समिति गठन गर्न सक्नेछ । उपसमिति तथा वडा समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) आवश्यकतानुसार नेपाल सरकारका सम्बन्धित निकायका प्रमुख एवं प्रतिनिधिहरु, विषय विज्ञहरुलाई समितिले आमन्त्रण गर्न सक्नेछ ।

७. **नगर अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : नगर अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

(क) यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने ।

(ख) यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण, प्रयोग गर्ने व्यवसायी, संस्था वा व्यक्तिबाट निषेधित प्लाष्टिकजन्य वस्तुहरु जफत गर्ने ।

(ग) यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरुको बिक्री वितरण र प्रयोग गर्न कम गर्ने किसिमका जनचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्ने ।

(घ) वडा अनुगमन समितिलाई यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरु प्रतिबन्धका साथै फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यमा नगर अनुगमन वा स्वास्थ्य समिति र वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, उपभोक्ता हित संरक्षण इकाई र वन, वातावरण तथा सरसफाई शाखासँग समन्वय गर्ने ।

(ङ) वडा अनुगमन समिति तथा नगर प्रहरीबाट प्राप्त सिफारिसलाई पुनरावलोकन गरी जरिवाना गर्ने ।

(च) “3R” का कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार सुविधा, पुरस्कार प्रदान गर्न सिफारिस गर्ने ।

(छ) कसुरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने ।

(ज) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण सम्बन्धी नगरपालिकाले तोके बमोजिमको अन्य काम गर्ने ।

(झ) यस ऐन बमोजिम निषेधित प्लाष्टिकजन्य वस्तुहरु जफत गरेको सूचना तत्कालै उपयुक्त स्थानमा सार्वजनिक गर्ने ।

८. **निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रण प्रक्रिया** : दफा ६ बमोजिम गठित नगर अनुगमन समिति, उपसमिति, स्वास्थ्य तथा फोहोर मैला व्यवस्थापन समितिबाट नगर क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रणको लागि स्थानीय स्तरमा समय समयमा अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा प्लाष्टिक झोला उत्पादन, भण्डारण, बिक्री वा प्रयोग भएको पाइएमा निम्नानुसार प्रक्रिया बमोजिम कारवाही गरिनेछ :

(क) निषेधित प्लाष्टिकजन्य वस्तुहरुलाई अभिलेख राखी नियन्त्रणमा लिने ।

(ख) निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादक, भण्डारण, बिक्री वा प्रयोगकर्तालाई ऐनको दफा १० अनुसार तुरुन्तै जरिवाना गर्ने ।

(ग) निषेधित प्लाष्टिकजन्य वस्तुहरु नियन्त्रणमा लिएको सूचना तत्कालै सार्वजनिक गर्ने ।

९. **कसुरः** यस ऐन विपरीत निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन, बिक्री वितरण, आयात, भण्डारण र प्रयोग गरेमा यस ऐनको प्रयोजनको लागि कसुर गरेको मानिनेछ ।

१०. **दण्ड सजायः** (१) यस ऐन विपरीत काम गर्ने बिक्रेता वा प्रयोगकर्तालाई कसुरको मात्रा हेरी नगरपालिकाले निम्न बमोजिम जरिवाना वा सजाय गर्न सक्नेछ :

(क) प्लाष्टिक झोला बिक्रेतालाई प्रथम पटकको लागि पाँच सय रुपैयाँ, दोश्रो पटक एक हजार रुपैयाँ, तेस्रो पटकदेखि हरेक पटक तीन हजार रुपैयाँका दरले जरिवाना गर्ने ।

(ख) प्लाष्टिक/पोलिथिन झोला प्रयोग गर्नेलाई प्रथम पटक दश रुपैयाँ, दोश्रो पटक बीस रुपैयाँ र तेस्रो पटक पचास रुपैयाँ जरिवाना गरिनेछ । त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी एक सय रुपैयाँ दण्ड गरिने छ ।

(ग) प्लाष्टिक/पोलिथिन झोला उत्पादकलाई प्रथम पटक दुई हजार रुपैयाँ, दोश्रो पटक चार हजार रुपैयाँ र तेस्रो पटक छ हजार रुपैयाँ जरिवाना गरिने छ । त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी दोब्बर जरिवाना गरिने छ ।

(२) दफा १० को १ को खण्ड (क) र (ख) अनुसारको ऐनको उल्लङ्घन गर्ने उत्पादक र बिक्रीकर्तालाई नगरपालिकाले व्यवसायिक दर्ता खारेजी तथा कारोबार बन्द गर्न एवं नगरपालिकाबाट प्रदान गर्ने सबै प्रकारका सेवा बन्द गर्न सक्नेछ ।

११. **पुरस्कार** : (१) नगर क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन, बिक्री, वितरण, आयात, निर्यात भण्डारण तथा प्रयोग गरेको सूचना गर्ने व्यक्ति, जफत गर्ने कार्यमा संलग्न अनुगमन समितिका सदस्य तथा कर्मचारीलाई जरिवाना रकमको ५० प्रतिशत रकम मध्ये दामासाहीले पुरस्कार दिइने छ ।

(२) दफा ११ को (१) बमोजिम सूचना गर्ने व्यक्तिको नाम, थर र ठेगाना गोप्य राखिने छ ।

## परिच्छेद ३
## विविध

१२. **गुनासो सुनुवाई** : दफा १० बमोजिम गरिएको कारवाही प्रति चित्त नबुझे सरोकारवालाले जरिवाना भएको मितिले पन्ध्र दिनभित्र नगरपालिकाका प्रमुख समक्ष प्रमाण सहित लिखित रुपमा गुनासो पेश गर्न सक्नेछ । सो गुनासो उपर नगरपालिकाबाट गुनासो पेश भएको एक हप्ताभित्र सुनुवाई गरिसक्नु पर्नेछ ।

१३. **ऐन संशोधनः** यो ऐनको कार्यान्वयनका लागि आवश्यकता अनुसार संशोधन वा थपघट गर्नु परेमा नगर सभाबाट गर्न सकिनेछ ।

१४. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. नियम/कार्यविधि बनाउने :** यस ऐन बमोजिम आवश्यक नियम, कार्यविधि, मापदण्ड नगर कार्यपालिकाले बनाउन सक्नेछ ।

**१६. बचाउ :** यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत